धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १०० ◆ २०८३ कात्तिक ९ सोमबार ◆ Monday, October 26, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## बेनिघाट-तातोपानी सडक खुलाउने काम सम्पन्न

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । बूढीगण्डकी नदीमा आएको बाढीका कारण अवरुद्ध बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक खण्ड अन्तर्गत बेनिघाटदेखि तातोपानीसम्मको सडक खुलाउने काम सम्पन्न भएको छ ।

पूर्वाधार विकासमन्त्री सुनील लम्सालले दिनुभएको जानकारी अनुसार खोर्लाबेँसीमा अस्थायी डाइभर्सन निर्माण सम्पन्न भएपछि तातोपानी र आसपासका क्षेत्रमा सडक सफा गर्ने काम अघि बढाइएको थियो । बाढीले थुपारेको ढुङ्गा, माटो तथा गेग्रान हटाउने कामसमेत सम्पन्न भएको पूर्वाधार विकास मन्त्रालयले जनाएको छ ।

अब सडक स्तरोन्नतिका लागि आवश्यक अध्ययन तथा रेखाङ्कन गरी स्थायी रूपमा सडक निर्माणको काम अघि बढाइने मन्त्री लम्सालले जानकारी दिनुभएको छ ।

# असोजमा पाँच अर्ब ९२ करोड को विद्युत् निर्यात

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष २०८३/८४ को असोज महिनामा भारततर्फ रु पाँच अर्ब ९२ करोड ५० लाख बराबरको विद्युत् निर्यात गरेको छ ।

बाढीका कारण केही जलविद्युत् आयोजनाको उत्पादन बन्द भई निर्यात प्रभावित भए पनि गत वर्षको असोज र चालु आव भदौको तुलनामा यस वर्ष असोजमा विद्युत् निर्यातबाट प्राप्त कारोबार रकम बढेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले बाढीका कारण निर्यातका लागि स्वीकृति प्राप्त केही जलविद्युत् आयोजनाको उत्पादन बन्द भए पनि असोज महिनामा विद्युत् निर्यातबाट प्राप्त कारोबार रकम बढेको बताउनुभयो । उहाँका अनुसार असोज महिनामा भारततर्फ निर्यात गरिएको कुल विद्युत् परिमाणमध्ये करिब दुई तिहाइ द्विपक्षीय सम्झौताअनुसार र बाँकी आइएक्स मार्फत बिक्री गरिएको थियो ।

यसैबीच, भारतको प्रसारण प्रणाली प्रयोग गरी बङ्गलादेशतर्फ हुँदै आएको ४० मेगावाट विद्युत् निर्यात पनि पुनः सुरु भएको छ ।

प्राधिकरणको विद्युत् प्रणाली सञ्चालन विभाग (भार प्रेषण केन्द्र) को तथ्याङ्कअनुसार असोज महिनामा भारततर्फ कुल ६३ करोड ३९ लाख ८६ हजार ८ युनिट विद्युत् निर्यात भएको छ । उक्त विद्युत् बिक्रीबाट रु पाँच अर्ब ९२ करोड ५० लाख बराबरको कारोबार भएको हो । असोज महिनामा भारततर्फ विद्युत् निर्यात दुई माध्यमबाट गरिएको थियो । द्विपक्षीय विद्युत् बिक्री सम्झौताअनुसार भारतको हरियाणा तथा बिहार राज्यमा विद्युत् बिक्री गरिएको थियो भने बाँकी विद्युत् भारतीय ऊर्जा विनिमय बजार (आइएक्स) को डे-अहेड तथा रियल टाइम बजारमा प्रतिस्पर्धी दरमा बिक्री गरिएको थियो ।

प्राधिकरणले देशभित्रको माग पूरा गरी बचत भएको वर्षायामको विद्युत् प्रत्येक वर्ष भारत एवम् बङ्गलादेशमा निर्यात गर्दै आएको छ । द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताअनुसार हरियाणा तथा बिहार राज्यमा जुनदेखि अक्टोबरसम्म विद्युत् बिक्री गरिन्छ ।

गत वर्ष २०८२ को असोज महिनामा भारततर्फ विद्युत् निर्यातबाट रु चार अर्ब ९६ करोड ३० लाख बराबरको कारोबार भएको थियो । चालु आर्थिक वर्षको भदौमा यस्तो कारोबार रकम रु पाँच अर्ब नौ करोड २५ लाख रहेको थियो । यसअनुसार गत वर्षको असोजको तुलनामा यस वर्षको असोजमा निर्यात कारोबार रकम रु ९६ करोड २० लाखले र भदौको तुलनामा ८३ करोड २५ लाख रुपैयाँले बढेको छ ।

चालु आवको पहिलो तीन महिना साउन, भदौ र असोजमा विद्युत निर्यातबाट कुल रु १६ अर्ब १५ करोड १३ लाख बराबरको कारोबार भएको छ ।

कात्तिक ६ गते साँझदेखि पुनः सुरु भएको छ । भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको हिमबाढीका कारण त्रिशूली नदीमा आएको बाढीले बङ्गलादेश निर्यातका लागि स्वीकृति प्राप्त त्रिशूली र चिलिमे जलविद्युत् केन्द्रमा क्षति पुर्याएपछि निर्यात रोकिएको थियो । बाढीका कारण द्विपक्षीय सम्झौता बमोजिम स्वीकृति प्राप्त जलविद्युत् केन्द्रमा क्षति पुग्दा भारतको हरियाणा राज्यतर्फको विद्युत् निर्यात आंशिक प्रभावित भएको थियो ।

## बर्जुमा बोराभित्र पुरुषको शव फेला

सुनसरी । सुनसरीको बर्जु गाउँपालिका-२ भीमपुरस्थित केसेलिया खोलामा बोराभित्र हालिएका अवस्थामा एक पुरुषको शव फेला परेको छ ।

भारतको बनारस घर भई हाल विराटनगर महानगरपालिका-६ मा बस्दै आएका लालजीप्रसाद गुप्ताको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख प्रहरी उपरीक्षक पुष्पराज मल्लले जानकारी दिनुभयो । मृतक गुप्ता विगत ४० वर्षभन्दा बढी समयदेखि नेपालमा बस्दै आएका थिए ।

स्थानीयवासीले खोलामा फालिएको बोरामा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । सूचना पाएलगत्तै प्रहरी प्रमुख उपरीक्षक मल्ल सहितको प्रहरी टोली घटनास्थल पुगेको थियो ।

गुप्ताको मृत्यु कसरी भयो र घटनामा को संलग्न छन् भन्नेबारे थप अनुसन्धान भइरहेको प्रमुख मल्लले बताउनुभयो ।

## सूचना प्रविधि प्रयोगशाला

काठमाडौँ । मुलुकभर सञ्चालित सामुदायिक विद्यालयमध्ये २९ दशमलव ६ प्रतिशत सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोग शाला (आइसिटी ल्याब) स्थापना भएको छ ।

विक्रम् सम्वत् २०७७ देखि सञ्चालित 'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम' अन्तर्गत चार हजार ६०८ विद्यालयमा सूचना प्रविधि प्रयोग शाला (आइसिटी ल्याब) निर्माण भएको हो । शिक्षा तथा खेलकुद मन्त्रालयको वार्षिक प्रतिवेदन, २०८२/०८३ का अनुसार पूर्वाधार विकास र सूचना प्रविधिको विस्तारले शैक्षिक गुणस्तर वृद्धिमा योगदान पुर्‍दै आएको छ ।

यस्तै वैकल्पिक स्रोतबाट ६९ दशमलव ६ प्रतिशत विद्यालयमा विद्युत् पहुँच पुगेको छ । सामुदायिक विद्यालयमध्ये ८५ दशमलव ४ प्रतिशत विद्यालयमा इन्टरनेट सुविधा पुगेको देखिएको छ । पछिल्लो वर्षको तथ्याङ्क अनुसार हाल मुलुकभर ३५ हजार ९५१ विद्यालय मध्ये धार्मिक प्रकृतिका सहित २७ हजार १० सामुदायिक विद्यालय रहेका छन् ।

## कांग्रेसमा व्यापक एकता भएको छ, बाँकीलाई पनि एकताबद्ध गर्छौं: पौडेल

दमौली । नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले कांग्रेसमा व्यापक एकता कायम भएको र बाँकी रहेका सबैलाई पनि एकताबद्ध गर्न आफूहरू तयार रहेको बताउनु भएको छ । नेपाली कांग्रेस शुक्लागण्डकी नगर समितिले आइतबार आयोजना गरेको शुभकामना आदान प्रदान कार्यक्रम मा महामन्त्री पौडेलले कांग्रेसलाई रुपान्तरण भएको अनुभूति जनता माझ दिलाउने बताउनुभयो । उहाँले सबैपक्षसँग सहमति र सहकार्य गर्दै देशलाई समृद्ध बनाउने लक्ष्यमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

"बाटो फरक भए पनि हाम्रो गन्तव्य एउटै हो", उहाँले भन्नुभयो, "कांग्रेससँग रिसाएका जनतालाई फेरि आकर्षित गर्न आवश्यक योजना ल्याउँछौं ।" महामन्त्री पौडेलले पार्टीभित्र एकताको प्रयास जारी रहने भए पनि एउटै विषयमा अल्झिएर बस्न नहुने धारणा राख्नुभयो । सरकारको स्थिरताका पक्षमा कांग्रेस रहेको उल्लेख गर्दै उहाँले सरकारले गलत काम गरेमा भने कांग्रेसले निरन्तर खबरदारी गर्ने स्पष्ट पार्नुभयो ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य दीपक भट्टराई, निवर्तमान केन्द्रीय सदस्य ध्रुव वाग्ले, निवर्तमान जिल्ला सभापति वैकुण्ठ न्यौपाने, गण्डकी प्रदेशसभा सदस्य श्यामराजा महत, राष्ट्रिय स्वतन्त्र पार्टी गण्डकी प्रदेश सहमहामन्त्री शङ्कर पन्त लगायतले चाडपर्वले एकता र सद्भावको भावना विकास गर्ने बताउनुभयो ।

## देशभर १३ विपद्का घटना, एकको मृत्यु, आठ जना घाइते

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । देशभर पछिल्लो २४ घण्टामा विभिन्न प्रकृतिका १३ वटा विपद्का घटना भएका छन् । ती घटनामा परी एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । विपद्का घटनाबाट करिब रु १३ लाख २० हजार बराबरको आर्थिक क्षति भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार कात्तिक ७ गते बिहान १० बजेदेखि कात्तिक ८ गतेसम्म देशका विभिन्न जिल्लामा आगलागी, सर्पदंश, पहिरो तथा जनावरको आक्रमण लगायतका विपद्का घटना भएका हुन् ।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार भोजपुर र मनाङमा सर्पदंशका घटना भएका छन् ।

त्यस्तै, पाँचथर, रौतहट, बारा, पर्सा, काठमाडौँ, गोरखा, नवलपरासी पश्चिम, बाँके र कञ्चनपुरमा आगलागीका घटना भएका छन् । बाँकेमा जनावरको आक्रमणसमेत भएको प्राधिकरणले जनाएको छ । विभिन्न जिल्लामा भएका यी घटनाबाट मानवीयसँगै भौतिक सम्पत्तिमा क्षति पुगेको छ । विपद्मा परी घाइते भएकामध्ये केहीको सम्बन्धित जिल्लाका अस्पतालमा उपचार भइरहेको छ भने केहीलाई थप उपचारका लागि अन्य जिल्लाका अस्पतालमा लगिएको छ ।

प्राधिकरणका अनुसार विपद्बाट भएको क्षतिको विवरण सङ्कलन गर्ने तथा प्रभावित क्षेत्रमा आवश्यक व्यवस्थापन गर्ने कार्य भइरहेको छ । विपद्का घटनाबाट थप क्षति हुन नदिन सम्बन्धित निकायलाई आवश्यक सतर्कता अपनाउनसमेत आग्रह गरिएको छ । प्राधिकरणले विपद्को जोखिम देखिएमा स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित निकायसँग समन्वय गर्न र आधिकारिक सूचनाको पालना गर्न सर्वसाधारण लाई अनुरोध गरेको छ ।

जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नुका साथै आवश्यक सतर्कता अपनाउनसके सम्भावित जनधनको क्षति कम गर्न सकिने प्राधिकरणको सुझाव छ ।

## राजनीतिकर्मी अनुसन्धानकर्ता पनि हुनुपर्छ

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले राजनीतिकर्मीले राजनीति मात्रै नगरेर अनुसन्धान पनि गर्नुपर्ने बताउनुभएको छ । भक्तपुरमा ४६औं नेपालभाषा साहित्य तःमुंज्या तथा सांस्कृतिक ब्व्ज्याको समापन गर्दै उहाँले राजनीतिक क्षेत्रमा सफल हुन अरूको अनुभवबाट सिक्नुपर्ने बताउनुभयो ।

सो क्रममा बोल्नुहुँदै उहाँले राजनीतिमा सक्रिय हुने व्यक्तिले समाजका समस्या बुझन, वास्तविकता पहिचान गर्न र त्यसको समाधान खोज्न आफैँले अध्ययन तथा अनुसन्धान गर्नुपर्ने बताउनुभयो । बिजुक्छेले राजनीतिक कार्यकर्ताको मूल्याङ्कन पार्टीको सदस्यताका आधारमा मात्र नभई राजनीतिमा उसको अध्ययन, अनुभव, अनुसन्धान र व्यवहारमा देखिने कार्यक्षमताका आधारमा हुनुपर्नेमा जोड दिनुभयो । सम्मेलनमा किसान अगुवा मोहनबहादुर कुस्मा, लालाखिं गुरु मोतीबहादुर खायमली, समाजसेवी कृष्णदेवी बाडायो र सामाजिक अगुवा टेकबहादुर पलिखेललाई बिजुक्छेले नगदसहित दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो ।

बिजुक्छेले साहित्यतर्फ कथा र कवितामा उत्कृष्ट हासिल गर्ने साहित्यकारलाई पुरस्कार वितरण गर्नुभयो । निर्णायक मण्डलको निर्णयअनुसार कविता तर्फ सकुन्तला महर्जन, हरिसुन्दर पोतामहाँ, शिल्भिया प्रजापति, ओमकृष्ण श्रेष्ठ क्रमशः प्रथम, द्वितीय, तृतीय र चौथो हुनुभयो । कथा विधातर्फ कमलकेशरी थुयाजु, सूर्यनारायण फाँजु, श्रीया पहिजु र एलके सुन्दर क्रमशः प्रथम, द्वितीय, तृतीय र चौथो स्थान हासिल गरेको घोषणा गरियो । यसअघि पहिलो दिन शुक्रबार तःमुंज्याको मुखपत्रका रुपमा प्रकाशित तःमुंज्या ख्वपौंको विमोचन बिजुक्छेले गर्नुभएको थियो भने हरिबहादुर श्रेष्ठ (नारायणमान बिजुक्छे)द्वारा लिखित 'नयाँ पुस्ता' पुस्तक वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले गर्नुभएको थियो ।

सम्मेलनमा नेमकपाका अध्यक्ष नारायणमान बिजुक्छे, नेमकिपाका केन्द्रीय सचिव प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापति, नेमकिपा केन्द्रीय सदस्य नन्दबहादुर शाही, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी, जलस्रोतविद् रतन भण्डारी, डा धनरत्न शाक्य, डा सरोज घिताल, डा तारालाल श्रेष्ठ, साहित्यकार हरिहर तिमल्सिना, अभय श्रेष्ठ र कृष्णकुमार वैद्य लगायत विभिन्न क्षेत्रका विज्ञ तथा



साहित्यकारले साहित्यको महत्व माथि प्रकाश पार्नुभएको थियो ।

'जनता म्वाःसा भाषा म्वाई' अर्थात् 'जनता बाँचे भाषा बाँच्छ' भन्ने मूल नाराका साथ भक्तपुर नगरपालिका-७, गोमारीस्थित यातामा आयोजित दुईदिने साहित्य सम्मेलनमा नेपालभाषा, साहित्य, कला, संस्कृति र समसामयिक सामाजिक तथा राजनीतिक विषयमा अन्तरक्रिया समेत आइतबारै गरिएको थियो ।

## सम्पादकीय ....

### राष्ट्रिय एकता हाम्रो जिम्मेवारी

प्रतिनिधिसभाका सदस्य बसुमाया तामाङले चुच्चा नाक भएकाहरुलाई लखेटेर तामाङ समुदायको कब्जामा आफ्नो क्षेत्र राख्नुपर्ने भन्दै अभिव्यक्ति दिएको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टीका नेता कार्यकर्ताहरुबाट सामाजिक संजालबाट सार्वजनिक आपत्ति जनाउने काम भैरहेको छ ।

पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद आसिका तामाङ बसुमाया तामाङ लगायतले गैर जिम्मेवार अभिव्यक्ति दिएको भन्दै सार्वजनिक रुपमा आलोचना बढ्दै जादा कतिपयले राजनीतिकमा आलोकाचोपन त कतिपयले गैर जिम्मेवार बन्ने गरेको तर्क सहित आलाचना गरिरहेका छन् । नेपालको प्रतिनिधिसभा सदस्य जस्तो गरिमामय पदमा रहेकाहरुको यस दालको अभिव्यक्ति के र कसका लागि वा किन गरिए भन्ने विषयमा भने आगामी दिनमा गम्भीर समिक्षा हुनेनैछ ।

कुनै समुदायले आफ्नो पहिचान, अधिकार, सम्मान र समान अवसरको माग गर्नु स्वाभाविक लोकतान्त्रिक प्रक्रिया हो । ऐतिहासिक रूपमा विभेदमा परेका समुदायका गुनासा सुन्नु र उनीहरूलाई राज्यको मूल प्रवाहमा समेट्नुपर्छ यो संसदीय राजनीतिमा लागेकाहरुले बुझ्नुपर्ने विषय हो ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषता भएको र विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति र परम्परा भएका मानिसहरू लामो समयदेखि आपसी सद्भाव र सहिष्णुताका साथ बसोबास गर्दै आएका भन्ने कुरा समेत उनीहरुले किन बुझ्न सकेका छैनन् आम नागरिकले सोच्नुपर्ने विषय हो । पछिल्लो समय जातीय पहिचानका विषयमा उठिरहेका विभिन्न राजनीतिक आवाज, नारा र त्यसबाट उत्पन्न हुन सक्ने सामाजिक असमझदारीले राष्ट्रिय एकता र सामाजिक सद्भावको विषयलाई पुनः चर्चामा ल्याएको छ। यस्तो संवेदनशील अवस्थामा सरकार, राजनीतिक दल र नागरिक सबै सचेत हुन आवश्यक छ ।

जातीय पहिचानको नाममा कुनै समुदायप्रति घृणा फैलाउने, अर्को समुदायलाई अपमान गर्ने वा समाजमा वैमनस्य उत्पन्न गर्ने गतिविधि स्वीकार्य हुन सक्दैन। त्यसैले पहिचानको सम्मान र राष्ट्रिय एकताको संरक्षणलाई सँगसँगै अघि बढाउनुपर्छ ।

पहिलो, सरकारले संविधानको मर्मअनुसार सबै जातजाति, भाषा, धर्म र समुदायका नागरिकलाई समान अधिकार, सम्मान र अवसरको सुनिश्चितता गर्नुपर्छ । कुनै समुदायले आफू विभेदमा परेको महसुस गरेको छ भने त्यसको कारण पहिचान गरी न्यायोचित समाधान खोज्नुपर्छ ।

जातीय विषयमा राजनीतिक नारा उठाउने सांसद तथा नेताहरूसँग सरकारले संवाद गर्नुपर्छ। उनीहरूले उठाएका मागको वास्तविकता बुझ्ने, जायज माग सम्बोधन गर्ने र समाजमा द्वन्द्व बढाउने अभिव्यक्तिलाई कानुनअनुसार निरुत्साहित गर्ने नीति लिनुपर्छ। आलोचना वा असहमतिको आवाजलाई दबाउनेभन्दा लोकतान्त्रिक संवादमार्फत समाधान खोज्नु उचित हुन्छ। सबै समुदायको समान पहुँच सुनिश्चित गर्नुपर्छ। नाराभन्दा व्यवहारमा समानता देखिएमा नागरिकको राज्यप्रतिको विश्वास बलियो हुन्छ भन्ने कुरा बुझ्नुपर्छ सरोकारवालाहरुको ध्यान त्यसतर्फ बेलैमा जाओस् ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका “**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## पहिरो प्रभावित भन्दछन्, आश्रयस्थल भन्दा खाली घरमा बस्न सहज

*तोलाकान्त बगाले*

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ किन्दु टोलकी भूमदेवी शेरपुञ्जा पुनले पहिरोका कारण घर छाड्नु पर्‍यो । केही दिन शिखको अस्थायी आश्रयस्थलमा बिताउनुभयो। अहिले उहाँ दिदी सुनमाया तिलिजाले उपलब्ध गराएको खाली घरमा बस्न थाल्नुभएको छ ।

सुनमायाको परिवार बसाइँ सरेपछि घर खाली थियो । विपद्ले घरबारविहीन बनेकी भूमदेवीको परिवारका लागि त्यही घर अहिले आश्रय बनेको छ। “करिब १५-२० दिन शिखको आश्रयस्थलमा बसेपछि घरसल्लाह गरेर दिदीको खाली घरमा बस्ने निर्णय लिएका हौं,” भूमदेवीले भन्नुभयो, “सरकारले पनि कति आश्रयस्थलमा राख्न सक्ला र भन्ने लाग्यो। आफ्नै घर नबनाउँदासम्मका लागि दिदीको खाली घरमा बस्न थालेका हौं ।”

भूमदेवीको परिवारले आपत्का बेला आश्रय पाएको छ । सुनमायाको उपयोगविहीन घर पनि काममा आएको छ । भूमदेवीजस्तै किन्दु टोलका धेरैजसो विस्थापित परिवार आफन्तका खाली घरमा बस्न थालेका छन् । कतिपय शिख देउराली, शिख तल्लो र शिख उपल्लो गाउँमा व्यवस्थापन भएका छन् ।

**आश्रयस्थलबाट आफ्नै व्यवस्थापनतर्फ**

अन्नपूर्ण-५ का धोस्केखोर, किन्दु, झारवाङ र घिरवाङमा ४५ घर छन्। पोखरा, काठमाडौंलगायत सहरमा बसाइँ सरेका परिवारबाहेक ३५ घरपरिवार गाउँमै बसोबास गर्थे। गत असोज ८ देखि ११ गतेसम्मको अविरल वर्षापछि यी बस्ती पहिरोले घेरिए । गाउँसँगको सम्पर्क विच्छेद भयो ।

जोखिममा परेका ९१ जनालाई हेलिकप्टरबाट उद्धार गरी शिख देउरालीस्थित कान्छीबाराही युवा क्लबको खेलमैदानमा ल्याइएको थियो । त्यहाँ उनीहरूका लागि अस्थायी आश्रयको व्यवस्था गरिएको थियो । पहिरोले नारायण शेरपुञ्जा पुन, रुकबहादुर पुर्जा, खेमबहादुर पाइजा, रेकबहादुर पुर्जा, तमबहादुर पुर्जा र जुगमान चोचाङ्गीका घर भत्काएको थियो । अन्य धेरै घर नभत्किए पनि चर्किएर बस्न नमिल्ने भएका छन् ।

आश्रयस्थलका टहरा र पालमा बस्दै आएका धेरैजसो परिवारले दसैँअघि नै आफ्नो बसोबासको व्यवस्था मिलाइसकेका छन् । टोल संयोजक दीपक तिलिजाका अनुसार विस्थापितहरू आफन्तका खाली घर र अन्य सुरक्षित स्थानमा सरेका छन् ।

शनिबार दिउँसो आश्रय स्थलमा भेटिनुभएका नारायण शेरपुञ्जा पुनले पनि विस्थापितहरू आफैँ आफ्नो व्यवस्थापन गर्न थालेको बताउनुभयो । तर उहाँको परिवार भने अझै अन्योलमा छ ।

**घर, गोठ र खेतीयोग्य जमिन पहिरोमा**

पहिरोले नारायणको घर, गोठ र खेतीयोग्य जमिन बगाएको छ। घरमा भएको अन्नपात र अन्य सामान निकाल्ने मौका पनि मिलेन। “२०-२१ मुरी आलु र दुई मुरी मकैसहित घरमा भएका सामान निकाल्न पाइनँ । सबै पहिरोले बगायो,” उहाँले भन्नुभयो, “पहिरो जाने दिन गोठबाट फुकाएर जङ्गलमा पठाएको भैँसी बाटो नभएकाले अझै ल्याउन सकेको छैन । उहाँकी श्रीमती पोखरामा रहेका छोरा-छोरीसँग जानुभएको छ ।

नारायण पनि कसैको खाली घरमा बसेर आफ्नै खेतबारीमा काम गर्ने सोचमा हुनुहुन्छ। तर, घर र जग्गा जमिन टाढा भएकाले निर्णय लिन सक्नुभएको छैन। त्यसैले उहाँ अझै आश्रयस्थलमै बसिरहनुभएको छ । उहाँको घर चार वर्षअघि पहिरोले भत्काएको थियो। घर पुनः निर्माणबापत सरकारले दिने रु पाँच लाखमध्ये पूरै अनुदान नपाउँदै उहाँले बनाएको नयाँ घर पनि भत्किएको हो । वर्षा रोकिएपछि विस्थापितहरू दैनिक काममा फर्कन थालेका छन्। दिनभर गाउँमा पुगेर खेतबारी र घरायसी काम गर्छन् । कतिपयले घरका बाँकी सामान सुरक्षित ठाउँमा सारिरहेका छन् । साँझ खाना खान र सुत्नका लागि होल्डिङ सेन्टर फर्कने गरेका छन् ।

“दसैँअघि आश्रयस्थलमा धेरै जना हुनुहुन्थ्यो। अहिले सङ्ख्या घट्दै गएको छ,” रेकबहादुर पुर्जाले भन्नुभयो, “विपद्का बेला सरकारको मुख ताकेर मात्र बस्दा दुःख पाइन्छ भन्ने लागेर सक्ने र सम्भव हुनेले आफैँ व्यवस्थापन गर्नुभएको छ ।”

अस्थायी बसोबासको व्यवस्था मिलाउँदैमा सबै समस्या समाधान भएका छैनन् । घर भत्किएर सामान निकाल्न नपाएका हरूलाई खाद्यान्न, भाँडाकुँडा र लत्ताकपडाको अभाव छ। उनीहरू लाई राहत तथा सहयोगको आवश्यकता अझै छ । शिखका अगुवा गणेश गुरुङ (सुरेन)का अनुसार सरकारी निकाय र दाताको सहयोग जुटाएर प्रभावित परिवारको बसोबास सहज बनाउने प्रयास भइरहेको छ ।

**विद्युत् र खानेपानीसँगै पदमार्गको समस्या**

विपद्बाट सबैभन्दा बढी प्रभावित अन्नपूर्ण गाउँपालिका-५ मा पुनःस्थापनाको चुनौती कायमै छ । वडाअध्यक्ष राजेश तिलिजा पुनका अनुसार विद्युत्, खानेपानी र पदमार्ग तत्काल सुधार गर्नुपर्ने अवस्था छ ।

“सडक त अहिले धेरै टाढाको विषय भएको छ,” उहाँले भन्नुभयो, “धेरै प्रयासपछि विद्युत् सेवा सञ्चालन हुन थालेको छ । श्रमदान गरेर पदमार्ग निर्माण गरिरहेका छौँ ।

खानेपानीको व्यवस्था मिलाउने प्रयासमा पनि जुटेका छौँ।” पहिरो प्रभावित बस्तीको भौगर्भिक अवस्था अध्ययन गर्न विज्ञ टोली आउन ढिलाइ हुँदा पुनः स्थापनासम्बन्धी निर्णय लिन कठिन भएको वडा अध्यक्ष तिलिजाले बताउनुभयो ।

अहिले कुन बस्तीमा बस्न सुरक्षित छ र कहाँबाट स्थानान्तरण गर्नुपर्छ भन्ने यकिन नहुँदा प्रभावित परिवार अन्योलमा छन् ।

**बस्तीका आश्रयस्थल पनि खाली हुँदै**

अन्नपूर्ण गाउँपालिका-५ को पाउद्वारबाट विस्थापित भएकाहरू बस्दै आएको घारस्थित वडा नम्बर ६ को अस्थायी आश्रयस्थल पनि यही कात्तिक १ गतेदेखि बन्द भएको छ ।

घारका वडाअध्यक्ष राम बहादुर खड्का का अनुसार विस्थापितहरूले आफ्ना सामान आश्रयस्थलमै राखेर आफन्तकहाँ र गाउँमा फर्किएका छन्। वर्षा भएमा पुनः आश्रयस्थलमा आउने गरी उनीहरू गएका हुन् । घारको आश्रयस्थलमा पाउद्वारका ११५ जनासम्मले आश्रय लिएका थिए ।

अन्नपूर्ण गाउँपालिका-८ महभिरबाट विस्थापित भएका ३० परिवार बस्दै आएको सिरुवारीको आश्रयस्थल पनि खाली भएको छ। वडाअध्यक्ष खमबहादुर गर्बुजाका अनुसार महभिरका प्रभावित परिवार खाली घर खोजेर आफैँ बसोबास मिलाउने प्रयासमा छन् । घर नपाएकाहरूका लागि व्यवस्थापनमा सहजीकरण भइरहेको छ ।

यस वर्षको मनसुनजन्य विपद्मा परी अन्नपूर्ण गाउँपालिकामा छ जनाको मृत्यु भएको छ । गाउँपालिकाका अनुसार ६० घर पूर्ण र १२९ घर आंशिक रूपमा क्षतिग्रस्त भएका छन् । विपद्पछि अस्थायी आश्रयस्थलमा सुरु भएको जीवन अब बिस्तारै आफ्नै व्यवस्थापन तर्फ अघि बढेको छ ।

आफन्तका खाली घर, गाउँका सुरक्षित बस्ती र उपलब्ध स्रोत नै विस्थापितका लागि तत्कालको सहारा बनेका छन्। तर घर गुमाएका परिवारको सुरक्षित पुनःस्थापना र आधारभूत सेवा पुनःस्थापित नहुँदासम्म उनीहरूको सङ्घर्ष भने जारी रहनेछ ।

## झोलुङ्गे पुलमा मोटरसाइकलको चाप

धादिङ । त्रिशूली नदीको बाढीले फुर्केखोलाको पुल बगाएपछि विकल्पका रूपमा प्रयोग भइरहेको मलेखुस्थित झोलुङ्गे पुलमा मोटरसाइकलको चाप बढेको छ। दसैँ मनाएर फर्किने यात्रुको चापसँगै झोलुङ्गे पुल पार गर्न लामो समय पालो कुर्नुपर्ने र पैदलयात्रुलाई समेत आउतजावत गर्न कठिन भएको छ ।

बेनिघाट रोराङ गाउँपालिका-३ स्थित त्रिशूली नदीमाथिको उक्त पुलमा एक पटकमा एउटा मात्रै सवारीसाधन आवतजावत गराउने सूचना टाँसिएको छ। तर, एकै पटक धेरै मोटरसाइकल र स्कुटर प्रवेश गर्दा पैदलयात्रुले पनि साँघुरो ठाउँबाट ओहोरदोहोर गर्नुपरेको छ ।

समाजसेवी शिवराज सापकोटाले झोलुङ्गे पुलमा सवारी चाप बढ्दा सुरक्षा खतरा बढेको बताउनुभएको छ। पुलमा भीडभाड बढ्दा स्थानीय प्रशासन वा सुरक्षाकर्मीको उपस्थिति अनिवार्य हुनुपर्ने उहाँको भनाइ छ । पुलमा मोटरसाइकल प्रवेश गरेपछि पैदलयात्रुलाई दोहोरो हिँड्न पर्याप्त ठाउँ नहुँदा एकअर्कालाई छलेर पार गर्नुपर्ने अवस्था छ ।

धादिङबाट चितवन फर्कँदै गरेका मोटरसाइकलचालक अभिषेक अधिकारीले पुल पार गर्न लामो समय पालो कुर्नु परेको अनुभव सुनाउनु भएको छ । “पुलमा पालो कुर्नका लागि घाममा आधा घण्टाभन्दा बढी जाममा बस्नु पर्‍यो,” उहाँले भन्नुभयो। पुलको सुरक्षाबारे चिन्ता भए पनि बाध्यताले यही बाटो प्रयोग गर्नु परेको उहाँको भनाइ छ । दसैँअघि स्थानीय युवाले पुलको प्रवेशद्वारमा बसेर एक पटकमा एउटा मात्रै मोटरसाइकल प्रवेश गराउने गरेका थिए। दसैं सकिएर काठमाडौं, पोखरा र चितवन फर्किने यात्रुको सङ्ख्या बढेपछि चाप नियन्त्रण गर्न कठिन भएको हो। गत भदौ १० गते आएको बाढीले जिल्ला सदरमुकाम धादिङ बेँसी र पृथ्वी राजमार्ग जोड्ने फुर्केखोलाको पुल बगाएको थियो । यस क्षेत्रमा जाने मोटरसाइकल चालकले त्रिशूली नदीमाथिको झोलुङ्गे पुललाई वैकल्पिक मार्गका रूपमा प्रयोग गर्दै आएका छन् ।

**सामाजिक सञ्जाल प्रयोगमा सतकर्ता अपनाऔँ**

- सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं ,
- राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,




- कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
- शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनत: दण्डनीय हुन्छन् ।

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

## पर्वमा जनतासँग मन्त्री गौतम

❑ प्रत्यूष समाचारदाता

चितवन। पर्वको समयमा धेरैजसो राजनीतिज्ञ पारिवारिक भेटघाटमा व्यस्त रहँदा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतम भने जनताका समस्या सुन्न व्यस्त रहनुभयो। उहाँले नदी तटीय क्षेत्रका समस्यादेखि गाउँगाउँमा पुगेर जनताको समस्या र गुनासा सुन्नुभयो।

माडीमा धान काटिरहेका किसानका खेतमा एकाएक उहाँ पुगेपछि धान काट्दै गरेका किसानहरू दङ्ग थिए। धान पाकेपछि चाडपर्व नभनी धान काटिरहेका किसानलाई भेट्न खेतमै मन्त्री गौतम पुगेपछि उनीहरूले आफ्ना समस्या र गुनासो खेतमा नै मन्त्रीसँग बिसाउन पाए।

मन्त्री गौतमले माडी र भरतपुरका गाउँ-गाउँमा पुगेर दसैंको मौकामा शुभकामना आदान प्रदानसँगै स्थानीयका समस्या सुन्नुभयो। यस क्रममा भरतपुर र माडीका विभिन्न ठाउँमा पुगेर उहाँले नदी कटानका समस्या, हुलाकी सडक, कृषि उत्पादन, मल बिऊको उपलब्धता र बजार मूल्य जस्ता विषयमा चासो पूर्वक जानकारी समेत लिनुभएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चितवनका सभापति ई. मिनीमाधव खनालका अनुसार मन्त्री गौतमले माडीका किसानका खेतबारीमा पुगेर भेट्नुभयो। त्यहाँका अग्रजसँग आर्शिवाद समेत लिनुभयो। खनालले भन्नुभयो, "मन्त्रीलाई समस्या लिएर काठमाडौं भेट्न जान चाहेकाहरू लाई गाउँ घरमै भेटेर समस्या तथा गुनासा सुन्नुभयो।"

मन्त्री गौतमले नारायणी नदीको तटीय क्षेत्रको अवलोकन गरी स्थानीयवासीसँग छलफल गर्नुभएको थियो। उहाँले भरतपुर महानगरपालिका वडा नं. ३, १६, १७, २६, २७ र २८ का बासीन्दाहरू सँग प्रत्यक्ष भेटघाट गरी अपुरो रहेका तटबन्धनका काम सम्पन्न हुने विश्वास दिलाउनुभयो। स्थानीयले उठाएका जोखिम न्यूनीकरण, तटबन्ध निर्माण र बस्ती सुरक्षासम्बन्धी माग सुन्नुभयो।

खनालका अनुसार नदी तटीय क्षेत्रको नारायणगढदेखि काभ्रेघाट, भड्डेरीथान, ज्ञानेश्वर, सिद्धिगणेश, मझुवा, हिरापुरदेखि गोलाघाटसम्मका स्थानीयको नदीको जोखिमसँगै अन्य समस्या हरू पनि सुन्नुभएको थियो।

भरतपुर १६ का नन्दप्रसाद भट्टका अनुसार भेटका क्रममा मन्त्री गौतमले नदी तटीय क्षेत्रलाई बचाउने कुरामा आफू गम्भीर रहेको र छिटै तटबन्धनका बाँकी काम सम्पन्न गर्ने बताउनुभएको थियो। सो क्रममा स्थानीयको कतिपय समस्या उहाँले तत्काल समाधानका लागि पहल अघि बढाउनुभएको थियो। उहाँले भरतपुर महानगर पालिका वडा नं. ९, १३ लगायतका क्षेत्रहरूमा पुगेर मतदाताहरूसँग प्रत्यक्ष भेटघाट समेत गर्नुभएको थियो। दसैंको टीका अघि गृह जिल्ला आउनुभएकी गौतमले परिवार सँगभन्दा मतदाता सँग धेरै समय बिताउनुभयो। मतदाताका घर-घरमा पुग्नुभएकी उहाँलाई कतिपयले भरतपुर १५ स्थित निवासमा पुगेर पनि राति अबेरसम्म भेट गरेका थिए। क्रिकेट क्लब कर्णाली याक्सका अध्यक्षसमेत रहनुभएका गौतमका श्रीमान् गृहेन्द्र घिमिरेका अनुसार मन्त्री गौतमको अधिकांश समय आम जनता र कार्यकर्तासँग बितेको थियो। राति अबेरसम्म समस्या लिएर स्थानीय नेता कार्यकर्ता घरमा आइपुगेको उहाँले बताउनुभयो। दिनभरको समय मन्त्री गौतम जनताको घरदैलोमा पुग्ने गरेको घिमिरेको भनाइ छ।

जिल्लाका राष्ट्रिय स्वतन्त्र पार्टीका नेता प्रकाश आचार्यले मन्त्री भेटेर आफ्ना समस्या राख्न चाहेकाहरूलाई निवासमा पनि भेट गराइएको बताउनुभयो। उहाँले भन्नुभयो, "मन्त्रीलाई दसैंमा अरुमा ध्यान थिएन। मतदाताहरू जति सकिन्छ धेरैसँग भेट गर्नु थियो।" सोहीअनुसार भेट गरेर उहाँ फर्कनुभएको आचार्यले जानकारी दिनुभयो। मन्त्री गौतमका हजुरआमा बितेका कारण आफूले टीका नलगाए पनि शुभकामना आदानप्रदानसहित जनताको माझमा अधिकांश बिदाको समय उहाँले बिताएको आचार्यले बताउनुभयो।

दशैंको बिदामा मन्त्री गौतमले जिल्ला आउनुभएका विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनलाई आफ्नो निर्वाचन क्षेत्रमा मतदाताहरूसँग भेट गराउनुभएको थियो। गौतम चितवन क्षेत्र नं. ३ को प्रतिनिधिसभा सदस्य हुनुहुन्छ। उहाँ निर्वाचित भएसँगै माडी जाने हुलाकी सडकको निकुञ्ज क्षेत्रमा कालोपत्रे सडकको प्रक्रिया अघि बढेको छ। नारायणीमा बाँकी तटबन्धनका काम अघि बढेका छन्। यस्तै माडी लगायतका क्षेत्रमा पुल, सडकलगायतका विकास निर्माणका काम अघि बढेका छन्।

## एसिया कपमा छनोट टोलीलाई पुरस्कार

काठमाडौं। नेपाल क्रिकेट सङ्घ (क्यान) ले एसिसी एसिया कपमा स्थान बनाउन सफल नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई रु ३० लाख पुरस्कार दिने घोषणा गरेको छ। नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणको तयारीबारे जानकारी दिन आइतबार आयोजित पत्रकार सम्मेलनमा क्यानका अध्यक्ष चतुरबहादुर चन्दले टोलीका लागि पुरस्कार राशि घोषणा गर्नुभएको हो। नेपालले गत सेप्टेम्बरमा संयुक्त अरब इमिरेट्स (युएई) लाई ४४ रनले हराउँदै नेपालले दोस्रोपटक एकदिवसीय एसिया कपमा स्थान बनाएको थियो। एसिया कपमा छनोट हुनु नेपाली क्रिकेटका लागि महत्वपूर्ण उपलब्धि रहेको अध्यक्ष चन्दको भनाइ छ। उहाँले सरकारले पनि टोलीका लागि पुरस्कार घोषणा गर्नुपर्नेमा जोड दिनुभयो। खेलकुद क्षेत्र चलायमान बनाउन एनपिएलले ठूलो टेवा पुर्याएको पनि बताउनुभयो।

## घोडेपानी-पुनहिल पर्यटकको रोजाइमा

म्याग्दी। पूर्वी क्षितिजमा लाली चढ्दै गर्दा पुनहिलको टाकुरा पर्यटकले भरिन थाल्छ। कोही क्यामेरा तेर्स्याउँछन्, कोही मोबाइलमा दृश्य कैद गर्न व्यस्त हुन्छन्। चराहरूको चिरबिरसँगै बिस्तारै खुल्दै जान्छन् हिमाल। सूर्यको पहिलो किरण हिउँचुचुरामा पर्दा सेता हिमशृङ्खला सुनौलो रङमा चम्किन्छन्। प्रकृतिको यही अनुपम दृश्यले पर्यटकलाई मन्त्रमुग्ध बनाउँछ।

मनसुन सकिएपछि खुलेको नीलो आकाश, लहरै देखिने हिमाल र चिसो मौसमसँगै म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित घोडेपानी-पुनहिलमा पर्यटकको चहलपहल बढेको छ। दसैंतिहारको बिदा मनाउन र प्रकृतिसँग रमाउन चाहने आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा यो गन्तव्य पर्न थालेको हो।

दसैंअघि सुनसान बनेको घोडेपानी पुनहिलमा पछिल्ला दिनमा पाहुनाको आगमन बढ्न थालेको घोडेपानीका होटल व्यवसायीसमेत रहेका अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष डमबहादुर पुनले बताउनुभयो।

"विपद्का कारण असोज महिनामा सुनसान भएको थियो", उहाँले भन्नुभयो, "कात्तिक महिनाको सुरुआतसँगै दैनिक २०० जना विदेशी र ५० जनाको हाराहारीमा नेपाली पर्यटक आएका छन्।"

पोखराबाट घुम्न आएका सन्तोष बरालले घोडेपानी-पुनहिलको प्राकृतिक सौन्दर्यले मोहित बनाएको बताउनुभयो। सहरको व्यस्त दैनिकीबाट केही समय टाढा रहेर हिमाल, वनजङ्गल र शान्त वातावरणमा रमाउन पाएको उहाँले बताउनुभयो। चाडपर्वको बिदालाई घुमफिर र नयाँ अनुभवका लागि उपयोग गर्ने चलन बढेको छ।

समुद्री सतहदेखि तीन हजार २१० मिटर उचाइमा रहेको पुनहिल घोडेपानीको प्रमुख आकर्षण हो। यहाँबाट धौलागिरि, अन्नपूर्ण, नीलगिरि, गुर्जा, मानापाथी, माछापुच्छ्रे, मनास्लु र बराह शिखरलगायत १५ भन्दा बढी हिमाली टाकुराको अवलोकन गर्न सकिन्छ। मौसम खुलेका बेला टाढाटाढासम्म फैलिएका हिमशृङ्खला आँखैअघि उभिएझैं देखिने स्थानीय व्यवसायी सुरेश पुनले बताउनुभयो।

सूर्योदयसँगै सूर्यास्त र हिमाली दृश्यावलोकनका लागि पनि पर्यटक यहाँ पुग्ने गर्छन्। बिहान पुनहिलमा सूर्योदय हेरेपछि पर्यटक घोडेपानी फर्केर आसपासका वनजङ्गल, गाउँबस्ती र प्राकृतिक सम्पदाको अवलोकन गर्छन्। शान्त वातावरण र हरियालीले यात्राको थकान बिर्साउन सहयोग गर्ने पोखराकी रोजी श्रेष्ठले बताउनुभयो। "बिहान हिमालमा उदाउने सूर्य, दिनभरि देखिने हिमशृङ्खला र प्रकृतिको शान्त वातावरणले लोभ्यायो", उहाँले भन्नुभयो, "प्रकृति प्रेमीहरूका लागि घोडेपानी-पुनहिललाई चाडपर्वको बिदा मनाउने र छोटो पदयात्रा गर्ने पर्यटकको लागि उपयुक्त छ।"

हाल घोडेपानीका होटल व्यवसायी टेकसर बुढ्जा पुनका अनुसार पर्यटकको आगमन बढेसँगै होटल व्यवसायी व्यस्त भएका छन्। घोडेपानीमा दैनिक एक हजार जना बास बस्न सक्ने २५ वटा सुविधायुक्त होटलहरू छन्। चाडपर्वको बिदा र अनुकूल मौसमका कारण आगामी दिनमा पर्यटक अझै बढ्ने अपेक्षा गरिएको होटल व्यवसायी पुनले बताउनुभयो। पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने घोडेपानी-पुनहिल छोटो अवधिको पदयात्राका लागि पनि लोकप्रिय छ। पोखराबाट कास्कीको नयाँपुल हुँदै उल्लेरीको बाटो पदयात्रा गरेर यहाँ पुग्न सकिन्छ। म्याग्दीको पोखरेबगर, घार र शिख हुँदै सडकमार्गबाट पनि घोडेपानी पुग्न सकिन्छ। घोडेपानीबाट करिब आधा घण्टाको पैदल यात्रापछि पुनहिल पुगिन्छ।

पर्यटक पथप्रदर्शक सुन्दर बन्जाराका अनुसार यहाँको मुख्य आकर्षण हिमाली दृश्य र सूर्योदय हो। अनुकूल मौसममा एकै स्थानबाट धेरै हिमालको अवलोकन गर्न पाइने भएकाले पर्यटक घोडेपानी-पुनहिलप्रति आकर्षित हुने गरेका छन्। घोडेपानी र पुनहिलको पर्यटन इतिहास पनि रोचक छ। कुनै समय स्थानीय किसानको चरन



क्षेत्र रहेको लुड्टुङ डाँडा अहिले पुनहिलका नामले विश्व पर्यटन बजारमा परिचित छ। भारतीय सेनाबाट सेवा निवृत्त स्वर्गीय मेजर टेकबहादुर पुनले यस डाँडाको नामकरण गरी पर्यटन विकासको जग बसालेको स्थानीय व्यवसायी बताउँछन्। उहाँको स्मृतिमा पुनहिलमा दृश्यावलोकनस्थलसमेत निर्माण गरिएको छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा समेटिएपछि यस क्षेत्रको प्रचारप्रसारले अन्तराष्ट्रिय स्तरमा विस्तार पाएको हो। प्राकृतिक सौन्दर्य, हिमाली दृश्य, जैविक विविधता र स्थानीय संस्कृति यहाँका थप आकर्षण हुन्।

पछिल्लो समय विभिन्न क्षेत्रमा आएको बाढीपहिरोले नेपालको पर्यटन क्षेत्रमा असर पारेको भए पनि घोडेपानी-पुनहिल, घान्द्रुक र अन्नपूर्ण आधार शिविर क्षेत्रमा प्रत्यक्ष असर नपरेको पर्यटन व्यवसायीले बताएका छन्। विपद्बाट प्रभावित क्षेत्रका कारण समग्र नेपालको पर्यटन असुरक्षित रहेको सन्देश जान नदिन सुरक्षित गन्तव्यको वास्तविक अवस्था प्रचारप्रसार गर्नुपर्ने उनीहरूको भनाइ छ।

## चरन क्षेत्रको अभावले बाँकेका पशुपालक किसान सङ्कटमा

राँझा (बाँके)। बाँकेको राप्ती सोनारी गाउँपालिका-५ बिनौनाका बम्बबहादुर पुनमगरलाई कुनै समय आफ्नो गाउँभरि खसीबाखाको बथान देखेको सम्झना ताजै छ। तर, अहिले सिङ्गो गाउँभरि खोज्दा पनि १०० वटा बाखा पुर्याउन मुस्किल पर्छ।

कोहलपुर-७ वनखेतका युवराज गिरीको व्यथा पनि बम्बबहादुरकोभन्दा फरक छैन। व्यावसायिक रूपमा पशुपालन गर्दै आएका उनीहरू अहिले दाना र घाँसको अकासिँदो मूल्य अनि पशु चराउने सुरक्षित चरन क्षेत्रको अभावका कारण व्यवसाय छाड्ने कि निरन्तरता दिने भन्ने दोधारमा छन्।

भौगोलिक दृष्टिले बाँके जिल्ला पशुपालनका लागि निकै सम्भावनायुक्त मानिन्छ। तर, यहाँका बहुसङ्ख्यक ग्रामीण बस्ती राष्ट्रिय निकुञ्ज, राष्ट्रिय वन, सामुदायिक वन र जैविक मार्ग (करिडोर) आसपास जोडिएका छन्। पुस्तौंदेखि वनजङ्गलमै निर्भर रहेर पशुपालन गर्दै आएका स्थानीय समुदायका लागि पछिल्लो समय वन्यजन्तुको बढ्दो जोखिम र चरन क्षेत्रमा लगाइएको प्रतिबन्ध नै जीविकोपार्जनको ठूलो बाधक बनेको सामुदायिक वन उपभोक्ता महासङ्घ लुम्बिनी प्रदेश सदस्य महेन्द्र शाहीले बताउनुभयो।

उहाँका अनुसार, राष्ट्रिय वन क्षेत्रमा बाघ र चितुवाजस्ता हिंस्रक वन्यजन्तुको त्रासका कारण किसान पशु चराउन जङ्गल जान डराउँछन्। अर्कोतर्फ, जङ्गल जोगाउने नाममा सामुदायिक वनले चरिचरण तथा वन प्रवेशमा कडा प्रतिबन्ध लगाएका छन्। यसले गर्दा किसानले परम्परागत रूपमा प्रयोग गर्दै आएका चरन क्षेत्र गुमाएका छन्।

यसको सोझो असर बाखापालनमा परेको छ। हिजोसम्म जङ्गल आसपास पशु चराउने र घाँस सङ्कलन गर्ने किसान आज घरमै घाँसखेती गर्न वा बजारबाट महँगो दाना किनेर खुवाउन बाध्य छन्। ठूलो सङ्ख्यामा बाखा पाल्दै आएका साना र मध्यम किसानका लागि यो अतिरिक्त खर्च धान्नै नसक्ने भइसकेको राप्ती सोनारी गाउँपालिका-५ बिनौनाका किसान बम्बबहादुर पुनले बताउनुभयो।

"वन संरक्षणका लागि चरिचरण नियन्त्रण आवश्यक छ भने, त्यसबाट प्रभावित किसानका लागि वैकल्पिक चरन र घाँसको व्यवस्था कसले गरिदिने?", उहाँले भन्नुभयो, "यो प्रश्न अहिले बाँकेका वन आसपासका पशुपालक किसानको सामूहिक चिन्ता बनेको छ।" भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बाँकेका सूचना अधिकारी भोजबहादुर रावलले बाँकेमा पशुपालक किसानको मेहनतका कारण मासुमा आत्म निर्भर भएको बताउनुभयो। उहाँले बाखापालन व्यवसाय सङ्कटमा पर्दा मासु उत्पादनमासमेत असर पर्ने उल्लेख गर्नुभयो। उहाँका अनुसार मानव-वन्यजन्तु द्वन्द्व घटाउन र किसानलाई राहत दिन केही क्षेत्रमा वैकल्पिक कार्यक्रम सञ्चालन भएका छन्। मध्यवर्ती क्षेत्रका बासिन्दाले सामुदायिक वनका खाली जमिनमा घाँस रोप्ने प्रयास गरेका छन्। त्यसैगरी, राप्तीसोनारी र कम्दी जैविक मार्ग क्षेत्रमा पशुधनलाई वन्यजन्तुबाट जोगाउन १९१ वटा सुरक्षित गोठ निर्माण गरिएका छन्।

## सवारी कारबाहीबाट १२ दिनमा १२ लाख राजस्व सङ्कलन

कर्णाली। कर्णाली प्रदेशमा सवारी कारबाहीबाट १२ दिनमा रु १२ लाख २५ हजार राजस्व सङ्कलन भएको छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बिसीका अनुसार गत असोज २६ गतेदेखि कात्तिक ६ गतेसम्म कारबाहीमा परेका एक हजार ३३८ सवारी साधनबाट रु १२ लाख २५ हजार राजस्व सङ्कलन गरिएको हो।

जसमा सबैभन्दा बढी सुर्खेतमा मादकपदार्थ सेवन गरी चलाएका ६३८ सवारी साधनलाई कारवाही गर्दा रु पाँच लाख ८२ हजार राजस्व सङ्कलन भएको सूचना अधिकारी बिसीले बताउनुभयो।

उहाँका अनुसार सल्यानमा २२२ सवारी साधन कारबाही हुँदा रु दुई लाख १८ हजार ५००, रुकुमपश्चिममा १२७ सवारी साधनबाट रु एक लाख ४५ हजार, दैलेखमा ९९ सवारी साधनबाट रु ९४ हजार, जुम्लामा ६७ सवारी साधनबाट रु ७३ हजार, जाजरकोटमा ६८ सवारीसाधनबाट रु ६१ हजार ५००, कालीकोटमा ८२ र डोल्पामा १८ सवारीसाधनबाट रु १७/१७ हजार, हुम्लामा १५ सवारीसाधनबाट रु १५ हजार र मुगुमा तीन सवारीसाधन कारबाही गर्दा रु दुई हजार राजस्व सङ्कलन भएको छ।

मादकपदार्थ सेवन गरी गाडी चलाउने सुर्खेतमा १५७, सल्यानमा ४६, दैलेखमा १७, रुकुम पश्चिममा नौ, जुम्लामा सात, कालीकोटमा पाँच, जाजरकोटमा चार र डोल्पामा एक गरी २४६




जनालाई कारबाही गरिएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतले जनाएको छ।

## ट्राफिक प्रहरीद्वारा पाँच हजार ४३४ जनचेतनामूलक कार्यक्रम

काठमाडौँ । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले सवारी दुर्घटना न्यूनीकरण तथा ट्राफिक नियमको पालना गराउने उद्देश्यले गएको असोज महिनामा पाँच हजार ४३४ वटा जनचेतना मूलक कार्यक्रम सञ्चालन गरेको छ ।

काठमाडौँ उपत्यकाका विभिन्न क्षेत्रमा ट्राफिक नियम सम्बन्धी जानकारी प्रवाह गर्ने, सडक सुरक्षाबारे सचेतना अभिवृद्धि गर्ने तथा सुरक्षित यात्राका लागि नागरिकलाई प्रेरित गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेका अनुसार असोजमा विद्यालयमा प्रशिक्षणका २४, सचेतना कक्षाका ४२७, चालक तथा सहचालक लक्षित एक हजार ६०६, रात्रिकालीन सचेतनाका दुई हजार २५२ र अन्य एक हजार १२५ गरी कुल पाँच हजार ४३४ कार्यक्रम सञ्चालन गरिएका हुन् । ती कार्यक्रममार्फत चार लाख ३६ हजार २४३ जनालाई ट्राफिक नियम तथा सडक सुरक्षासम्बन्धी जानकारी प्रदान गरिएको उहाँको भनाइ छ ।

विद्यालयमा आयोजित प्रशिक्षणमा तीन हजार ५१७, सचेतना कक्षामा चार हजार ७०, चालक तथा सहचालक लक्षित कार्यक्रममा एक लाख १५ हजार ३८६, रात्रिकालीन सचेतना कार्यक्रममा एक लाख तीन हजार ८६० र अन्य कार्यक्रममा दुई लाख नौ हजार ४१० जना सहभागी भएका कार्यालयले जनाएको छ । सवारी दुर्घटना न्यूनीकरणका लागि काठमाडौँ उपत्यका ट्राफिक प्रहरीले विभिन्न सचेतनामूलक अभियान सञ्चालन गर्दै आएको छ। यस्ता अभियानले सर्वसाधारण नागरिक, विद्यार्थी तथा सवारी चालक र सहचालकलाई ट्राफिक नियमबारे जानकारी दिनुका साथै सुरक्षित यात्रा गर्ने तरिकासम्बन्धी ज्ञान अभिवृद्धि गर्न सहयोग पुर्याउँदै आएको कार्यालयको भनाइ छ ।

ट्राफिक प्रहरी प्रमुख काफ्लेले काठमाडौँ उपत्यकामा सञ्चालित जनचेतनामूलक कार्यक्रम प्रभावकारी बन्दै गएको जानकारी दिँदै लाखौँ नागरिकलाई ट्राफिक नियम तथा सडक सुरक्षाबारे जानकारी गराउँदा सडकमा जिम्मेवार व्यवहारको विकास गर्न एवं सम्भावित दुर्घटना न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "काठमाडौँ उपत्यकामा ट्राफिक जनचेतनामूलक कार्यक्रम निकै प्रभावकारी बनेको छ ।

हामीले लाखौँ नागरिकलाई ट्राफिक नियमसम्बन्धी जानकारी दिन सफल भएका छौँ। यसले सडक दुर्घटना न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।"

ट्राफिक प्रहरीले सडक प्रयोगकर्तालाई नियमको पालना गर्न, मादक पदार्थ, लागुपदार्थ सेवन गरी सवारी नचलाउन, तीव्र गतिमा सवारी नचलाउन तथा पैदलयात्री र अन्य सडक प्रयोगकर्ताको सुरक्षालाई प्राथमिकता दिन आग्रह गर्दै आएको छ ।

## नवदुर्गा नाच प्रशिक्षण तालिम घरको पुनर्निर्माण हुने

भक्तपुर । प्रत्येक वर्ष बडादसैंमा राष्ट्रप्रमुख (राष्ट्रपति) सवारी हुने भक्तपुरको नवदुर्गा मन्दिरका देवगण नाच्ने अःखः (नवदुर्गा नाच प्रशिक्षण तालिम घर)को पुनर्निर्माण हुने भएको छ ।

नवदुर्गा नाचको प्रशिक्षण सञ्चालन गर्न भक्तपुर नगर पालिका-७ नासःचाः मन्दिर पछाडिपट्टिको अःखः (नवदुर्गा नाच नित्य प्रशिक्षण तालिम घर) पुनर्निर्माण हुने भएको हो ।

श्री नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बालगोपाल बनमालाले भक्तपुर नगरपालिकाको बजेटबाट तालिम घर पुनर्निर्माण हुन लागेको जानकारी गराउनुभयो । करिब रु २० लाखको लागतमा तालिम घर पुनर्निर्माण सम्पन्न गर्ने जानकारी उहाँले दिनुभयो । त्यसका लागि उपभोक्ता समिति पनि गठन भइसकेको जानकारी उहाँले गराउनुभयो ।

भक्तपुर नगरपालिका-७ का वडाअध्यक्ष उकेश कवांले मल्लकाल भन्दा अघिदेखि सञ्चालन हुँदै आएको नवदुर्गा देवगण जात्रा मानव समाजलाई दिशाबोध गर्ने महत्त्वपूर्ण सांस्कृतिक परम्परा भएकाले नवदुर्गा देवगण जात्राको संरक्षण र संवर्द्धनका लागि भक्तपुर नगरपालिका सधैँ तत्पर रहेको बताउनुभयो । उहाँले नवदुर्गा नाचका लागि निर्माण हुने तालिम घरको निर्माण सम्पन्न भएपछि त्यसको संरक्षण र सदुपयोगमा देवगणहरूको महत्वपूर्ण भूमिका हुनुपर्ने धारणा राख्नुभयो ।

समुदायमा आधारित संस्कृति भएकाले नगरवासीको श्रद्धा, गोप्य तान्त्रिक पूजा तथा संस्कृति लाई देवगणहरूले सभ्य र भव्य रूपमा जात्राका माध्यमबाट निरन्तरता दिनुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले नवदुर्गा देवगण जात्रासम्बन्धी अभिलेख तयार गरी प्रकाशन गर्नाका साथै पुस्तकालय स्थापना गर्नुपर्ने बताउनुभयो । भक्तपुर नगरपालिकाले सम्पदा संरक्षण र सांस्कृतिक पहिचानलाई प्राथमिकतामा राख्दै विभिन्न क्षेत्रमा काम गरिरहेको बताउँदै अध्यक्ष कवांले ऐतिहासिक पृष्ठभूमि बोकेको भक्तपुरलाई सभ्य र व्यवस्थित सहरका रूपमा विकास गरिँदै आएको उल्लेख गर्नुभयो । अष्ट मातृका देवगणका मठमन्दिरबाट घेरिएको भक्तपुर ऐतिहासिक सहर भएकाले यसको सांस्कृतिक सम्पदा संरक्षणमा सबैको भूमिका महत्वपूर्ण रहेको उहाँले बताउनुभयो ।

नवदुर्गा मन्दिर रहेको भक्तपुर नगरपालिका-९ का वडाअध्यक्ष रवीन्द्र ज्याख्वले नवदुर्गा जात्रा सभ्य संस्कृति तथा मानव समाजकै पहिचान भएको बताउनुभयो । उहाँले नेपालकै लामो सांस्कृतिक धरोहरका रूपमा रहेको नवदुर्गा जात्राको संरक्षणमा बनमाला तथा उजाजुहरूको ठूलो योगदान रहेको उल्लेख गर्नुभयो। भक्तपुरको कला तथा संस्कृति संरक्षणमा भक्तपुर नगरपालिका नेपालकै पहिलो नगरका रूपमा अघि बढिरहेको उहाँले दाबी गर्नुभयो । संस्थाका वरिष्ठ सल्लाहकार नारायणमान बनमालाले देवगण जात्रा र यसको महत्वबारे चर्चा गर्दै देवगणहरू सचेत र सङ्गठित भएर जात्राको संरक्षण गर्नुपर्ने बताउनुभयो। उहाँले लोभ-लालचमा परी आफ्नो मौलिक अस्तित्व गुमाउने गतिविधिप्रति सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

## राष्ट्रपतिद्वारा नवदुर्गाको पूजा तथा प्रसाद ग्रहण

भक्तपुर । बडादसैंको अन्तिम दिन कोजाग्रत पूर्णिमाको अवसरमा आइतबार राष्ट्रपति रामचन्द्र पौडेलले भक्तपुरको नवदुर्गा मन्दिरमा सरिक भई नवदुर्गा भवानीको पूजाअर्चना गरी प्रसाद ग्रहण गर्नुभएको छ ।

प्रथम महिला सविता पौडेल सहित राष्ट्रप्रमुखका रूपमा नवदुर्गा मन्दिरमा दिउँसो पुग्नुभएका राष्ट्रपति पौडेलले नवदुर्गाको विशेष पूजा गरी फर्कनुभएको हो ।

राष्ट्रपति पौडेललाई रमेश कर्माचार्यले नवदुर्गाको सकल्प पूजा गराउनु भएको थियो । राष्ट्रपति पौडेलले नवदुर्गा देवगणका मूर्ति अवलोकन गरी दर्शन गर्नुभएको थियो । नवदुर्गाका मूल नाइके इन्द्रबहादुर बनमालाले नवदुर्गाको प्रसाद स्वरुप प्रदान गर्नु भएको नवदुर्गा भवानीको जमरा एवं टीका प्रसाद, फूलमाला, बिमिरो र पञ्चरङ्गी धागो उहाँले ग्रहण गर्नुभएको थियो ।

नवदुर्गाका २८ जना देवगण, पुजारी तथा तलेजुका मूल नाइकेलाई राष्ट्रपति पौडेलले दक्षिणा प्रदान गर्नुभयो । राष्ट्रपति पौडेललेलाई बागमति प्रदेशका मुख्यमन्त्री किरण थापा मगर, प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापति, भक्तपुर क्षेत्र नं. १ का सङ्घीय सांसद रुकेश रञ्जित, गङ्गालक्ष्मी अवाल, प्रमुख जिल्ला अधिकारी विनोद बहादुर खड्कालगायत जिल्लाका सुरक्षा निकायका प्रमुखहरु, गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुखलगायत विभिन्न व्यक्तिहरुले स्वागत गर्नु भएको थियो ।

नगदसहित सम्मान

बागमती प्रदेशका मुख्य मन्त्री किरण थापामगरले भक्तपुर को नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्थालाई बागमती प्रदेश सरकारको तर्फबाट रु एक लाख नगद प्रदान गर्नुभयो। सम्मानपत्र राष्ट्रपति पौडेलले समितिलाई हस्तान्तरण गर्नुभयो। नवदुर्गा जात्रा सञ्चालनका लागि हरेक वर्ष आर्थिक कठिनाई हुँदै आएको अवस्थामा अब प्रदेश सरकारले उद्योग तथा पर्यटन मन्त्रालय अन्तर्गत रु एक लाख



सहित सम्मान गरेको मुख्यमन्त्री थापा मगरले बताउनुभयो। नवदुर्गा जात्रा संरक्षणका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने उहाँले बताउनुभयो । विसं २०४५ मा भूकम्प गएपछि दैवीप्रकोपको घटनाले देश र जनताको हित एवं कल्याणका निमित्त तत्कालीन राष्ट्रप्रमुख यो पूजा अर्चनालाई निरन्तरता दिन थालेको नवदुर्गा मन्दिर व्यवस्थापन समिति का सल्लाहकार नारायणप्रसाद वनमालाले जानकारी दिनुभयो। नवदुर्गाअन्तर्गत ब्रम्हायणी, महेश्वरी, कुमारी, वैष्णवी, बाराही, महाकाली, महालक्ष्मी, त्रिपुरासुन्दरी र भद्रकाली को पूजा गरिन्छ ।

## अनुकूलन कोषबाट नेपालका परियोजना स्वीकृत हुनु महत्वपूर्ण

काठमाडौँ । कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीले जलवायु परिवर्तनका असर न्यूनी करण तथा अनुकूलन क्षमता अभिवृद्धिका लागि नेपालले प्रस्ताव गरेका विभिन्न परियोजना अनुकूलन कोषबाट स्वीकृत हुनु महत्वपूर्ण उपलब्धि भएको बताउनुभएको छ।

नेपालले जलवायु परिवर्तन का असर अनुकूलन क्षमता अभिवृद्धि का लागि प्रस्ताव गरेका तीनवटै परियोजना अनुकूलन कोषको ४७औँ बोर्ड बैठकले शुक्रबार स्वीकृत गरेको हो ।

उहाँले विश्वव्यापी रूपमा जलवायु अनुकूलनका लागि वित्तीय स्रोतको माग बढिरहेको र अनुकूलन कोषको स्रोत सीमित रहेको अवस्थामा नेपालका तीनवटै परियोजना स्वीकृत हुनु महत्त्वपूर्ण उपलब्धि भएको उल्लेख गर्नुभयो । मन्त्री चौधरीले यस उपलब्धिले पर्यावरण क्षेत्रमा परेको आर्थिक भार व्यवस्थापन गर्न सहयोग पुग्ने बताउनुभयो । साथै, नेपालमा पछिल्लो समय देखिएका विभिन्न प्राकृतिक विपद्का जोखिम तथा समस्यालाई न्यूनीकरण गर्न र जलवायु परिवर्तनका असरबाट हुने क्षति कम गर्नसमेत यसले महत्वपूर्ण योगदान पुर्याउने उहाँको भनाइ छ। स्वीकृत परियोजनामध्ये 'ग्रिन कोशी' परियोजना पनि एक हो। प्रकृतिमा आधारित समाधानमार्फत कोशी क्षेत्रमा पारिस्थितिक प्रणालीको संरक्षण तथा जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने उद्देश्य राखिएको यस परियोजनाका लागि ९९ लाख २७ हजार ७५० अमेरिकी डलर वित्तीय सहयोग प्रस्ताव गरिएको छ। यस परियोजनाको कार्यान्वयन निकाय राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी) रहेको छ ।

एनटीएनसीको अध्यक्षसमेत रहनुभएका मन्त्री चौधरीले यस परियोजनामार्फत मात्र नभई अन्य क्षेत्रबाट पनि नेपालले अन्तरराष्ट्रिय सहयोग प्राप्त गरिरहेको बताउनुभयो। त्यसैगरी, अर्को हिमालय क्षेत्रमा बाढी तथा पहिरोको पूर्वसूचना प्रणाली सुदृढ गर्दै जलवायु अनुकूलन क्षमता बढाउने उद्देश्यसहित 'स्ट्रेन्थेनिङ एडप्टेसन एन्ड फ्लड एन्ड ल्यान्ड स्लाइड अर्ली वार्निङ फर द हिन्दुकुश हिमालय' परियोजना स्वीकृत भएको छ। अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) कार्यान्वयन निकाय रहेको यस परियोजनाका लागि तीन करोड अमेरिकी डलर वित्तीय सहयोग प्रस्ताव गरिएको छ ।

तेस्रो परियोजना लुम्बिनी प्रदेशमा स्थानीय नेतृत्वमा आधारित प्रकृतिमैत्री जलवायु कार्यमार्फत उत्थानशील समुदाय निर्माण गर्ने उद्देश्यमा केन्द्रित छ। परियोजनाका लागि ४९ लाख ९८ हजार ७०७ अमेरिकी डलर वित्तीय सहयोग प्रस्ताव गरिएको छ । यसको कार्यान्वयन निकाय 'युएन ह्याबिटाट' रहेको छ । मन्त्री चौधरीले उक्त तीनवटै परियोजनाले पारिस्थितिक प्रणालीको संरक्षण, बाढी तथा पहिरोको पूर्वसूचना प्रणालीको सुदृढीकरण र स्थानीय समुदायको जलवायु उत्थानशीलता अभिवृद्धिमा योगदान पुर्याउने अपेक्षा गर्नुभयो ।

अनुकूलन कोषको यस स्वीकृतिले नेपालमा जलवायु परिवर्तनका असर सामना गर्न प्रकृतिमा आधारित समाधान, विपद् जोखिम न्यूनीकरण र स्थानीय समुदायको क्षमता विकासका कार्यक्रम अघि बढाउन सहयोग पुग्ने बताइएको छ ।

## ढल्केवरमा ट्रमा सेन्टर निर्माणको प्रक्रिया अघि बढ्ढो : मेहता

धनुषा । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले धनुषाको ढल्केवरमा स्वीकृत क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणको टेन्डर प्रक्रिया अघि बढिसकेको बताउनुभएको छ ।

आइतबार ट्रमा सेन्टर निर्माणका लागि प्रस्तावित जग्गाको स्थलगत निरीक्षण गर्दै मन्त्री मेहताले टेन्डरसम्बन्धी कागजात स्वास्थ्य मन्त्रालयबाट हस्ताक्षर भएर पूर्वाधारसम्बन्धी निकायमा पठाइ सकिएको जानकारी दिनुभयो। उहाँले प्रक्रिया पूरा भएपछि टेन्डर आह्वान हुने र त्यसपछि निर्माणको काम अघि बढ्ने बताउनुभयो ।

"ट्रमा सेन्टर बन्छ कि बन्दैन भन्ने अन्योल अब राख्नुपर्दैन। यो आयोजना सरकारको बहुवर्षीय योजनामा समावेश भइसकेको छ", मन्त्री मेहताले भन्नुभयो । उहाँले निर्माणस्थलको निरीक्षणबाट आवश्यक तयारी उपयुक्त देखिएको उल्लेख गर्दै छिट्टै शिलान्यास हुने विश्वास व्यक्त गर्नुभयो। स्थानीय वासीले लामो समयदेखि ट्रमा सेन्टर निर्माणको आश्वासन पाउँदै आए पनि काम सुरु नभएकाले आयोजना कार्यान्वयनप्रति आशङ्का व्यक्त गर्दै आएका छन् । निरीक्षणका क्रममा प्रतिनिधिसभा सदस्य राजकिशोर महतोले भवन निर्माणको काम सुरु भएपछि मात्रै स्थानीयवासी विश्वस्त हुने बताउनुभयो। उहाँले आश्वासन भन्दा निर्माण कार्यको सुरुआत महत्वपूर्ण रहेको उल्लेख गर्दै शिलान्यासको प्रक्रिया छिटो अघि बढाउन मन्त्रीको ध्यानाकर्षण गराउनुभयो। "ट्रमा सेन्टरका नाममा यहाँका नागरिक लामो समयदेखि आश्वासन पाउँदै आएका छन् । अब आश्वासनले मात्र चित्त बुझाउने अवस्था छैन । भवन निर्माण सुरु भएपछि मात्रै विश्वास जाग्छ", उहाँले भन्नुभयो। निरीक्षणमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल सहित सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति थियो ।

## बाँकेमा असोज महिनामा १२७ मुद्दा दर्ता

धनुषा राँझा । जिल्ला प्रहरी कार्यालयले गत असोज महिनामा विभिन्न प्रकृतिका १२७ मुद्दा दर्ता गरेको छ । सो अवधिमा जघन्य प्रकृतिका १२, गम्भीर प्रकृतिका ४६ र सामान्य प्रकृतिका अपराधका ६९ वटा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक प्रतीतसिंह राठौरले जानकारी दिनुभयो ।

उहाँका अनुसार यस अवधिमा चालु मुद्दाका १७९ प्रतिवादी पक्राउ परेका छन् । सार्वजनिक चासोका २० वटा पुराना मुद्दाको सफल अनुसन्धान गरिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित १२ वटा मुद्दा दर्ता भएका छन् । ती घटनामा संलग्न रहेको आरोपमा १५ जना पक्राउ परेको प्रहरीले जनाएको छ।

आर्थिक अपराधका १६ र सम्पत्ति शुद्धीकरणसम्बन्धी एउटा मुद्दा दर्ता भएको छ। उक्त मुद्दामा एक जना पक्राउ परेका छन्। बाँके प्रहरीले पुराना तथा अनुसन्धानका क्रममा रहेका मुद्दाको फछ्र्योटलाई पनि प्राथमिकता दिएको छ । सार्वजनिक चासोका २० मुद्दाको सफल अनुसन्धान गरिएको छ। चालु मुद्दामा प्रतिवादीका रूपमा रहेका १७९ जनालाई पक्राउ गरिएको सूचना अधिकारी प्रहरी नायब उपरीक्षक राठौरले जानकारी दिनुभयो। अदालतको फैसला कार्यान्वयनतर्फ पनि प्रहरीले कारबाही अघि बढाएको छ। यस क्रममा ७० जना पक्राउ परेका छन्। उनीहरूबाट कार्यान्वयन हुनुपर्ने फैसलाअनुसार २० वर्ष ६ महिना २१ दिन कैद असुल गरिएको छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com